**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ**
**माननीय न्यायाधीश श्री अव्दुल अजीज मुसलमान**

**<u>आदेश</u>**

०७८-WO-१४७४

**विषयः- <u>उत्प्रेषणयुक्त परमादेश।</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० मा अवस्थित वातावरण कानून समाज नेपालको तर्फबाट र आफ्नो हकमा समेत ऐ.का अध्यक्ष काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ..................................................................................................१ निवेदक
नुवाकोट जिल्ला साविक ओखरपौवा हाल ककनि गा.पा. वडा नं. १ बस्ने राजु फुयाल ..........................................................................................१
धनुषा जिल्ला सवैला नगरपालिका वडा नं. १ बस्ने राकेशकुमार साह ...............१

**<u>विरुद्ध</u>**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं .......................१
वन तथा वातावरण मन्त्रालय, सिंहदरबार ..................................................१
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ............................१ विपक्षी
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ................१
खानी तथा भुगर्भ विभाग, कपुरधारा मार्ग लैनचौर काठमाडौं ............................१

नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त निवेदन बेहोरा र आदेश यसप्रकार छः-

## निवेदनको संक्षिप्त तथ्यगत बेहोरा

१. वातावरण कानून समाज नेपाल जिल्ला प्रशासन कार्यालयमा दर्ता भई वातावरण सम्बन्धी कानूनको अध्ययन अनुसन्धान गरी कार्यान्वयनमा पहल गर्ने कार्य गरी आएको छ। यसरी नै निवेदकहरु अधिवक्ता भई वातारण कानूनको खोज अनुसन्धान तथा वातावरणसँग सम्बन्धी विषयमा कार्यान्वयन, प्रचार प्रसार र अदालतमा निवेदन दर्ता बहस पैरवी गर्दै आएका छौं। नेपालमा नदिनाला तथा पहाड तराईबाट नियमित रुपमा ढुंगा, गिट्टी, बालुवा उत्खनन भैरहेको हुनाले चक्रिय प्रणालीमा असर परेको छ। सोही कारणबाट नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।४।५ को निर्णयले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लागु गरेको थियो। साथै, यस अदालतबाट ०७७-WO-१०९९ नं. को रिट निवदेनमा नदी प्रणालीको संरक्षण, नदीजन्य पदार्थको दोहन व्यवस्थापन, वातावरण र जैविक विविधताको संरक्षणको लागि समिति गठन गरी प्रतिवेदन पेस गर्न आदेश समेत जारी भएको अवस्थामा देशव्यापी सञ्चालनमा रहेका अधिकांश क्रसर उद्योगहरु मापदण्डको पूर्ण पालना नगरी अवैध रुपमा सञ्चालित छन्। मापदण्डको प्रस्तावना, दफा ४(१०), ११(१) समेतको व्यवस्थाको वैज्ञानिक अध्ययन अनुसन्धान नगरी ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी पहिलो संशोधन मापदण्ड २०७८ स्वीकृत गर्ने विषय मिति २०७९।२।६ को मन्त्रिपरिषदको बैठकमा पेस भई निर्णय हुँदा सोको दफा ४(१०) मा साबिक (ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७) मा भएको घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर राजमार्गको पाँचसय मिटर दुरीभित्र नदी भन्ने वाक्यांश हटाइएको र दफा ११(१) को दुरी सम्बन्धी संशोधित मापदण्ड कानूनसङ्गत रहेको छैन। क्रसर उद्योग सञ्चालन गर्दा दुरी घटाउँदा (संशोधित मापदण्ड) राजमार्ग, खोला वा नदी किनारा, स्वास्थ्य, शिक्षा, धार्मिक सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय, अन्तर्राष्ट्रिय सिमाना, वन क्षेत्र, घना वस्ती, हाइटेन्सन लाइनमा समेत नकारात्मक प्रभाव पार्ने गर्दछ। ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले समग्र वातावरण संरक्षण गर्नुको साथै खोला नदी किनारा पुरातात्विक सम्पदा, अन्तर्राष्ट्रिय सिमाना, वन क्षेत्र, घनावस्ती, हाइटेन्सन लाइन पोल समेतको संरक्षण भएकोमा कुनै पनि आधार कारणबिना मापदण्ड घटाई बनाएको र तराई पहाडमा फरक फरक मापदण्ड कायम गर्ने गरी भएको कार्य नेपालको संविधान विपरीत रहेको छ। कुनै वैज्ञानिक आधारबिना

संशोधन गरी कायम मापदण्डमा एक्कासी दुरी घटाई संवैधानिक रुपमा सुनिश्चित समानताको हक समेतको बर्खिलाप हुने गरी पहाड तराई भनी बिखण्डित गरी नेपालको संविधानको धारा १६,१८,२४,२५,३०,३५,३७,५१(छ) ले प्रत्याभूत गरेको हक कुण्ठित भई वातावरण संरक्षण ऐन,२०७६ को विपरीत वातावरण न्यायमा समेत विभेद असमानता निश्रित गरिएको उक्त संशोधन मापदण्ड कानून न्याय सङ्गत छैन। अतः ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ४(१०) मा साविकमा भएको घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्र नदी भन्ने वाक्यांश हटाइएको र ऐ.को दफा ११(१) मा भएको मापदण्ड नेपाल सरकार मन्त्रिपरिषदको बैठक सं. ४।०७९ मिति २०७९।२।६ गतेको निर्णयले मापदण्डलाई संशोधन गर्ने गरी भएको निर्णय र सो निर्णयभन्दा अघिको प्रस्ताव पेस गर्ने संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।१।१३ गते, २०७९।१।२२ को निर्णय र पत्राचार भएको भए सोसमेत उत्प्रेषणको आदेशले बदर गरी साबिकको ४(१०) र ११(१) को मापदण्ड कायम गर्नु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाऊँ। साथै, क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कुनै कानूनी व्यवस्था नभएकोले छुट्टै क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून निर्माण गरी लागू गरी पाउन नेपाल सरकारको नाउँमा परमादेश जारी गरी पाऊँ। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ लागू भए तापनि अवैध रुपमा क्रसर उद्योग सञ्चालन भई नदी नाला दोहन हुनुको साथै अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी बिक्री गरिरहेकोले अवैध रुपमा सञ्चालनमा रहेका यस्ता क्रसर उद्योगहरुलाई सञ्चालन गर्नबाट रोक लगाई नियमित अनुगमन गराई पाउँ भन्ने रिट निवेदकहरुका तर्फबाट गरिएको निवेदन मागदाबी।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुत प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखितजबाफ पेस गर्नू भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजबाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। साथै, निवेदकको अन्तरिम आदेशको मागतर्फ हेर्दा नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवाको अनियन्त्रित उत्खननबाट प्राकृतिक वातावरणमा पर्ने प्रत्यक्ष असरलाई मनन गरी राज्यले

मापदण्डसमेत बनाई लागू गरेको र यस अदालतबाट रिट नं. ०७७-WO-१०९९ लगायत विभिन्न मुद्दाहरुमा निर्देशनात्मक आदेश जारी हुनुका अतिरिक्त यसको संवेदनशीलतालाई मनन गरी यस सम्बन्धमा विशेष कानून बनाउनसमेत सरकारका नाममा आदेश भइरहेको परिप्रेक्ष्यमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७९।०२।०६ मा भएको निर्णय उपरोक्त यस अदालतबाट भएका आदेशहरुको खिलाफ रहेको देखिएकाले उक्त निर्णय कार्यान्वयन नगर्नू, नगराउनू भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को ४९ (२) (ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ।सोको जानकारी विपक्षीहरुलाई दिई अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा दुवै पक्षको छलफल हुनु पर्ने देखिएकाले सो प्रयोजनार्थ मिति २०७९।०३।१५ पेसी तोकी सोको सूचना विपक्षीहरुलाई दिनुहोला भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।३।८ मा भएको आदेश।

३. यसमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।४।५ को निर्णयबमोजिम ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लागू गरिएकोमा सो मापदण्डसमेत पूर्ण रुपमा लागू भइनसकेको अवस्थामा सो मापदण्डमा नेपाल सरकारले मिति २०७९।०२।०६ मा पहिलो संशोधन गरी साबिक मापदण्ड संशोधन गरी राजमार्ग, खोला वा नदी किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकाय, अन्तराष्ट्रिय सिमा, वन क्षेत्र, घना बस्ती, हाइटेन्सन लाइनको अझ नजिक ढुंगा गिट्टी बालुवा उत्खनन गर्न मिल्ने गरी संशोधन गरिएको र सिमसार क्षेत्रलाई समेत समावेश गरिएको देखिँदा उल्लिखित राष्ट्रको जीवनसँग जोडिएका महत्वपूर्ण क्षेत्रहरुको अस्तित्व माथिसमेत गम्भीर संकट परी अपूरणीय क्षतिको अवस्थाको विद्यमानता देखिँदा सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४९(२)(क) बमोजिम निवेदनको अन्तिम किनारा नभएसम्मका लागि यस अदालतको एकल इजलासबाट मिति २०७९।०३।८ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ। सोको जानकारी विपक्षीहरुलाई दिनू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।०३।१५ मा भएको आदेश।

४. विद्यमान खानी तथा खनिज पदार्थ ऐन, २०४२ र खानी तथा खनिज पदार्थ नियमावली, २०५६

बमोजिम यस विभागबाट नदीजन्य दहत्तर बहत्तर बाहेक अन्य निश्चित भू-बनोट स्वरुपमा रहेका खनिज पदार्थहरुको खोजतलास एवं उत्खनन अनुमतिपत्र जारी हुने गर्दछ। त्यस्ता खनिज पदार्थमध्ये साधारण निर्माणमुखी खनिज पदार्थको अनुमतिपत्र यस विभागको सहमतिमा सम्बन्धित नगरपालिका/गाउँपालिकाबाट जारी हुने गर्दछ। ती अनुमति प्राप्त क्षेत्रको खनिज कार्यको अनुगमन, नियमन, प्रशासन सम्बन्धी कार्य ऐ. नियमावली, २०५६ को नियम ३८ बमोजिम सम्बन्धित नगरपालिका/गाउँपालिकाबाट हुने गर्दछ। ती बाहेक अन्य खनिज पदार्थहरुको अनुमतिपत्र जारी हुने, अनुगमन, नियमन र प्रशासनिक कार्य यस विभागबाट हुने गर्दछ। ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को पहिलो संशोधन मापदण्ड, २०७८ मन्त्रिपरिषदको बैठकको निर्णयबाट स्वीकृत भएको हो। यसमा उल्लिखित प्रावधानहरुबाट दहत्तर बहत्तर अन्तर्गत नदीनालाबाट उत्सर्जन हुने खनिज पदार्थहरु पर्दछन्। उक्त कानूनी ब्यवस्थाबमोजिम अनुमति जारी गर्ने, अनुगमन, नियमन लगायतका प्रशासनिक कार्यहरु यस विभागबाट सम्पादन नहुने र विभागीय कार्यक्षेत्र भित्र नपर्ने ब्यहोरासमेत अनुरोध छ। यस विभागबाट भएको के-कुन निर्णय एवं काम, कारबाहीबाट रिट निवेदकहरुलाई के-कुन असर र क्षति परेको हो ? सो सम्बन्धमा रिट निवेदनमा स्पष्टरुपले विषय उठान भएको नदेखिएको हुँदा नदीजन्य पदार्थसम्मको विषयलाई लिएर यस विभाग समेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन बदर गरी पाऊँ। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ मा उल्लिखित कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने निकाय यस विभाग नभएको, यद्यपी अवैध उत्खनन एवं ओसारपसारका सम्बन्धमा समय समयमा विभिन्न निकायहरुमा रोकथाम र नियन्त्रणका लागि विभागबाट पत्राचारसमेत गरिरहेको हुँदा प्रस्तुत रिट निवेदन जिकिरबाट यस विभागलाई फुर्सद दिलाई पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभाग लैनचौर काठमाडौंको लिखित जबाफ।

५. नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुरक्षित गरिएको छ। उल्लिखित मौलिक हक संरक्षण गर्ने तथा वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्ने समेतको उद्देश्यले वातावरण संरक्षण ऐन, २०७६ कार्यान्वयनमा रहेको छ। उक्त ऐनको दफा ३९ मा अनुगमन तथा निरीक्षण गर्ने सम्बन्धी प्रष्ट व्यवस्था गरिएको छ। संविधान तथा प्रचलित कानूनले व्यवस्था

गरेका प्रत्येक हक अधिकारको संरक्षण र प्रचलनका लागि नेपाल सरकार सचेत तथा क्रियाशील छ। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा नदीजन्य पदार्थको संकलन, उत्खनन र बिक्री सम्बन्धी व्यवस्था रहेकोमा मिति २०७९।०२।०६ मा भएको मापदण्डको पहिलो संशोधनबाट दफा ४(१०) मा संशोधन गरी "घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्रको नदी" भन्ने शब्दहरु हटाइ मूल मापदण्डको दफा १३ मा रहेको क्रसर उद्योग सञ्चालन गर्दा पालना गर्नुपर्ने दूरी सम्बन्धी मापदण्डसमेत हेरफेर गरेको छ। एक पटक जारी भएको मापदण्ड समय र आवश्यकताको आधारमा अधिकार प्राप्त निकायबाट परिमार्जन वा संशोधन हुने कार्य नियमित प्रक्रिया नै हो। मापदण्डको दफा ९(१), ४(४) समेतको व्यवस्थाले नदीजन्य पदार्थको अनियन्त्रित दोहन नियन्त्रण एवम् व्यवस्थापन गरेको देखिन्छ। जहाँसम्म क्रसर उद्योग सञ्चालनको लागि दूरी सम्बन्धी मापदण्डमा भएको संशोधनको विषय छ, सो सम्बन्धमा मापदण्डको दफा ११ (११) मा क्रसर उद्योगले आफूलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन वा संकलन गरी प्रशोधन गर्न नपाउने प्रष्ट व्यवस्था गरी मापदण्डले यस क्षेत्रमा हुन सक्ने बेथितिलाई नियन्त्रण गर्ने कानूनी आधार प्रदान गरेको छ। मापदण्ड तथा प्रचलित कानूनले निर्धारण गरेको विधि तथा प्रक्रिया अपनाई सम्पादन हुने कामकारबाहीको विषयलाई अनावश्यक आशङ्का गरी रिट निवेदन दायर गर्न मिल्ने पनि होइन। क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन सम्बन्धी छुट्टै कानून बनाई लागू गर्ने सम्बन्धमा वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, भू-उपयोग ऐन, २०७६, जलस्रोत ऐन, २०४९, खानी तथा खनिज पदार्थ ऐन, २०४२, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, भू तथा जलाधार संरक्षण ऐन, २०३९, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लगायतका प्रचलित कानूनमा प्राकृतिक स्रोतसाधनको संरक्षणका सम्बन्धमा व्यवस्था रहेको र सो सम्बन्धमा छुट्टै कानूनको तर्जुमाको लागि विधेयकको मस्यौदा गर्ने सम्बन्धमा यस मन्त्रालयबाट मिति २०७७।१०।२७ मा सहमति प्रदान गरिएको हुँदा उल्लिखित आधार कारणबाट रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जबाफ।

६. नेपालको संविधानको धारा ३० मा उल्लिखित स्वच्छ वातावरणको हकले वातावरण प्रदूषणबाट

पीडित व्यक्तिले पीडकबाट उचित क्षतिपूर्ति पाउने सिद्धान्त (Polluter Pays Principle) लाई आत्मसात गरेको छ। वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ समेत जारी भई कार्यान्वयनमा रहेका छन्। नदीजन्य पदार्थको व्यवस्थापनको लागि नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५ जारी भई सोबमोजिम वातावरणमैत्री ढङ्गले नदीजन्य पदार्थको उत्खनन र व्यवस्थापन हुँदै आएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७०।०३।२७, २०७०।०५।१७, २०७१।०४।११, २०७२।१०।२० र २०७५।०६।२८ को निर्णयबाट रोडा, ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा संकलन एवम् व्यवस्थापन सम्बन्धमा लागू गरिएका मापदण्डका आधारमा क्रसर उद्योगहरूको दूरी निर्धारण भई निर्धारित दूरी पूरा गरेका क्रसर उद्योगहरू स्थापना हुँदै आएका छन्। नेपाल सरकारले मिति २०७७।०४।०५ मा ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरेको हो। कानूनमा भएको व्यवस्था अनुसार सम्बन्धित निकाय तथा अनुगमन समितिबाट नदीजन्य तथा खानीजन्य पदार्थको संकलन र उत्खनन कार्यको कार्यविधि प्रक्रियाहरु तोकेको हुँदा सो सम्बन्धमा समय समयमा अनुगमन हुँदै आएको छ। नेपाल सरकारबाट जारी भएको संशोधित मापदण्डमा रहेका क्रसर उद्योगको लागि निर्धारित केही दूरीमा परिवर्तन गरेकै कारण वातावरण विनाश हुन्छ भन्नु निवेदकको केवल मनोगत धारणा मात्र हो। चुरे क्षेत्रको अधिक दोहन लगायतका विषयमा नारायण प्रसाद देवकोटाले नेपाल सरकारलाई विपक्षी बनाई दायर गर्नुभएको निवेदनको सम्बन्धमा मिति २०६७।०४।२१ मा सम्मानित अदालतबाट भएको निर्देशनात्मक आदेशलाई कार्यान्वयन गर्ने क्रममा गठन भएको समितिले दिएको प्रतिवेदन र सो प्रतिवेदनको कार्यान्वयनको लागि नेपाल सरकारका विभिन्न निकायका सातजना सचिव रहेको समितिबाट प्राप्त प्रतिवेदनको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।३।२७ को निर्णयबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड तोकिएको हो। त्यसैगरी, मन्त्रिपरिषद्बाट देशको भू-बनौट र भू-धरातलको आधारमा जिल्ला अनुगमन समितिले आफ्नो जिल्लाको लागि आवश्यक मापदण्ड बनाई पेस गर्ने भनी निर्णय भएकोमा कुनै पनि जिल्लाले आफ्नो स्थान विशेषको लागि मापदण्ड तयार गरेको अवस्था थिएन। स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रको ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको संकलन, उत्खनन र बिक्री वितरण गर्ने प्रक्रियालाई व्यावहारिक बनाउन तथा

मापदण्डमा समेत एकरूपता ल्याउनको लागि मिति २०७७।०४।०५ मा नेपाल सरकारबाट मापदण्ड, २०७७ जारी भएको छ। उपर्युक्त मापदण्डमा रहेका दूरी सम्बन्धी केही व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा कठिनाई रहेको तथा देशभरिको भौगोलिक अवस्थितिको कारण पहाड तथा तराई क्षेत्रको लागि एकै किसिमको दूरीको मापदण्ड कायम गर्नु व्यावहारिक पनि नदेखिएकोले स्वीकृत मापदण्डमा समसामयिक रूपमा परिमार्जन गरी देशको भौगोलिक अवस्थिति अनुसार क्रसर उद्योग स्थापना र सञ्चालनको लागि तराई र पहाडमा छुट्टा छुट्टै मापदण्ड कायम गर्ने क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०२।०६ को निर्णयबाट मापदण्डमा केही परिमार्जन गरिएको हो। मूल मापदण्ड नै कानून विपरीत नभएको अवस्थामा सो मापदण्डको भावनामा कुनै असर नपुग्ने गरी गरिएको सानो तिनो संशोधनको विषय कानून विपरीत हुन सक्ने देखिँदैन। कानून जारी गर्ने अधिकार प्राप्त निकायले त्यस्तो कानूनमा आवश्यकताअनुसार परिमार्जन गर्न सक्ने नै हुन्छ। तराई तथा पहाडी हिमाली क्षेत्रमा भौगोलिक विविधता रहेको र असमान वस्ती विद्यमान रहेको अवस्थामा क्रसर उद्योगको लागि पहाड र तराईको लागि एकै किसिमबाट मापदण्ड तोक्दा पहाडमा बस्ती र खोलाबाट दुई किलोमीटर र पाँचसय मिटरको दूरीको कारण कुनै पनि क्रसर उद्योग स्थापना र सञ्चालन हुने स्थान पाउन सक्ने अवस्था नरहन सक्छ। यसरी पहाडी क्षेत्र र तराई क्षेत्रमा क्रसर उद्योगको लागि छुट्टाछुट्टै मापदण्ड हुनुपर्ने देखिन्छ। नदीजन्य पदार्थको उत्खनन तथा संकलनको कार्य वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा हुने, वातावरणीय प्रदूषण हुने अवस्था देखिएमा उत्खनन गर्न नसकिने हुन्छ। निवेदकले उठाएका वातावरण प्रदूषण नियन्त्रणका विषयमा कानूनको निर्माण भएपछि दीर्घकालीन रूपमा नै ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन र संकलनको विधि र उपायको व्यवस्थापन हुने नै हुँदा हाललाई केही समयको लागि नेपाल सरकारले व्यवस्थापनको निमित्त गरेको मापदण्डको प्रावधानलाई लिएर निवेदकले संवैधानिक हक हनन भएको भनी दाबी लिनु उपयुक्त देखिँदैन। यसरी कमभन्दा कम वातावरण प्रदूषण हुने गरी नदीजन्य पदार्थको संकलनको लागि नेपाल सरकारले अपनाउने विधि र तरिकालाई निवेदकले अन्यथा भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जबाफ।

७. मिति २०७७।४।५ को नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट ढुङ्गा, गिट्टी, बालुवा

उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई लागूसमेत भइसकेको छ। ऐ. मापदण्डमा रहेको अनुगमन सम्बन्धी व्यवस्था, क्रसर उद्योगको लागि निर्धारित दूरी सम्बन्धी मापदण्ड, केन्द्रीय तहमा समन्वय संयन्त्रको व्यवस्था लगायतका अन्य सान्दर्भिक विषयहरुमा समसामयिक व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) संशोधन गर्ने उद्देश्यबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा मापदण्ड, २०७९ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको अवस्था हो। रिट निवेदकले जिकिर लिएको ऐ. मापदण्डको दफा ४(१०) मा रहेको "घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दुरी भित्रको नदी," भन्ने वाक्यांश संशोधित मापदण्डमा हटाएको सम्बन्धमा नदीजन्य पदार्थको हकमा पुल बाहेकका अन्य मापदण्डहरु कार्यान्वयन गर्न सम्भव नदेखिएको साथै विगतदेखिको मापदण्ड कायम गर्न उपयुक्त देखिएको साथै दफा ११(१) मा रहेको क्रसर उद्योग सञ्चालन गर्दा पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डमा रहेका विवरणमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय तथा अर्थ मन्त्रालय समेतको राय/परामर्शमा साविकको मापदण्डमा संशोधन गरी तराई तथा पहाड वर्गीकरण समावेश गरी भौगोलिक अवस्था र व्यावहारिक पक्ष समेतलाई मध्यनजर गर्दै उक्त संशोधित व्यवस्था राखिएको हो। ढुङ्गा, गिट्टी बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमाको चरणमा रहेको हुँदा रिट निवेदकले उठाएका कतिपय विषयहरुको सम्बोधन सोही कानूनबाट हुने देखिन्छ। साथै रिट निवेदकले जिकिर लिएको क्रसर उद्योगलाई सञ्चालन गर्नबाट रोक लगाई नियमित अनुगमन गर्ने सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने हुँदा सो विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई रहनुपर्ने होइन। अतः माथि उल्लिखित आधार तथा कारणबाट रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिखित जबाफ।

८. प्रचलित वन ऐन, २०७६ को दफा ४९ मा कसूर सम्बन्धी कानूनी प्रावधान रही कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐनबमोजिम कसूर गरेको मानिनेछ भन्ने व्यवस्था भएको र ऐ. ऐनको दफा ४९ को खण्ड (झ) मा "वन क्षेत्रबाट बग्ने नदीबाट ढुंगा गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चुन पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा संकलन गर्ने र खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने काम गरेमा" भन्ने व्यवस्था

भएको र ऐ. ऐनको दफा ५० को उपदफा (६) बमोजिम ऐनको दफा ४९ को खण्ड (झ) विपरीत काम गर्ने व्यक्तिलाई बिगोको आधारमा कैद वा जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था भएको छ। यस मन्त्रालयबाट राय उपलब्ध गराइएको विषय र प्रचलित वन ऐन, २०७६ बमोजिम हुने विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई रहनुपर्ने होइन। अतः यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन यस मन्त्रालयको हकमा निरर्थक रहेको हुँदा विपक्षीको रिट निवेदन जिकिर खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जबाफ।

## यस अदालतको आदेश

९. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनको मूल विषयलाई हेर्दा नेपाल सरकारको मिति २०७७।४।५ को निर्णयानुसार ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ लागू भइ आएको रहेछ।उक्त मापदण्डको दफा ४(१०) मा साविकमा भएको *घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दुरीभित्र नदी* भन्ने वाक्यांश हटाइएको र ऐ.को दफा ११(१) मा क्रसर उद्योग सञ्चालनको लागि तराई र पहाड छुट्टा छुट्टै बर्गिकरण गरी साबिकभन्दा कम दुरी कायम गर्नेसमेत गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।२।६ मा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा पहिलो संशोधन गर्ने गरी स्वीकृत गरिएको रहेछ। मापदण्ड संशोधन गर्ने निर्णय कुनै वैज्ञानिक र वस्तुनिष्ठ आधार कारणमा आधारित नरहेको भन्दै ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर गरी संशोधन भएको मापदण्ड तत्काल खारेज गरी साविकको ४ (१०) र ११(१) को मापदण्ड कायम गर्नु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने माग दावी सहित प्रस्तुत रिट निवेदन यस अदालतमा पर्न आएको देखियो।

१०. निवेदकको तर्फबाट पर्न आएको प्रस्तुत रिट निवेदन हेर्दा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने आधारको रुपमा मुख्यतः देहायका बुँदाहरु उल्लेख गरिएको देखिन्छ :

क) संशोधित मापदण्डबाट क्रसर उद्योग सञ्चालनको लागि तराई र पहाडमा फरक फरक दुरी कायम गर्ने गरी भएको निर्णय वस्तुनिष्ठ र वैज्ञानिक तथ्यमा आधारित

नभएको,

ख) संशोधित मापदण्डबाट वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने भएको,

ग) तसर्थ संशोधित मापदण्ड बदर गरी हालसम्म क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन सम्बन्धी छुट्टै ऐन नभएको र विभिन्न समयमा फेरबदल भइरहँदा निर्णयमा स्वेच्छाचारीता, नीतिमा अस्थिरता तथा वातावरण विनासतर्फ जानसक्ने देखिँदा यस सम्बन्धमा छुट्टै कानून निर्माण गर्न नेपाल सरकारको नाममा परमादेश समेत जारी गरिपाउँ।

११. प्रस्तुत निवेदनमा आज सुनुवाइको क्रममा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रकाशमणि शर्मा तथा विद्वान् अधिवक्ताहरु श्री दिल राज खनाल, श्री पदमबहादुर श्रेष्ठ, श्री विष्णुकुमार थोकर र श्री राजु फुयालले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।२।६ को निर्णयले ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने निर्णय गरी मापदण्डको दफा ४(१०) मा रहेको साबिकको दूरी सम्बन्धी व्यवस्था हटाइएको र दफा ११(१) मा भएको व्यवस्थालाई संशोधन गरी तराई र पहाडमा बर्गिकरण गरी फरक फरक दुरी कायम गरी क्रसर उद्योग सञ्चालनको लागि नयाँ मापदण्ड कायम गर्ने निर्णय भएको, उक्त संशोधन गर्ने निर्णयमा कुनै वैज्ञानिक अध्ययन अनुसन्धान र वस्तुनिष्ठ आधार नरहेको, तराई र पहाडमा बर्गिकरण गरी संशोधन गरिएको व्यवस्थाले वातावरणको संरक्षण गर्न नसक्ने भएको, उक्त संशोधनले अमुक व्यक्ति र समूहलाई फाइदा पुऱ्याउने उद्देश्यबाहेक कुनै औचित्य पुष्टि नभएको हुँदा ढुंगा, गिट्टी, बालुवा, उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।२।६ को निर्णय दफा ४(१०) र ११(१) को हदसम्म उत्प्रेषणको आदेशले बदर गरी क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टै ऐन कानून निमार्ण गर्नू भनी नेपाल सरकारको नाममा परमादेशसमेत जारी होस् भनी गर्नुभएको बहस सुनियो।

१२. विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री ध्रुवकुमार चौहानले नदीजन्य तथा खानीजन्य पदार्थको सहज आपूर्ति गर्न तथा त्यस्तो निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गर्ने उद्देश्यका साथ ढुङ्गा,

गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ जारी गरिएको हो। मापदण्डमा भएको व्यवस्थाहरु समय र आवश्यकताको आधारमा अधिकारप्राप्त निकायबाट संशोधन हुने कार्य नियमित प्रक्रिया नै भएकोले कानूनले निर्धारण गरेको विधि तथा प्रक्रिया अपनाई हुने कामकारबाहीको विषयलाई अन्यथा भन्न मिल्दैन। साथै मुलुकमा के कस्तो कानून बनाउने वा परिमार्जन गर्ने भन्ने विषय विधायिकी क्षेत्राधिकार भित्रको विषय भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१३. माथि उल्लेख भएबमोजिम निवेदकको तर्फबाट प्रस्तुत रिट निवेदनमा लिइएका जिकिरहरु, विपक्षीहरुको तर्फबाट पर्न आएको लिखित जबाफको बेहोरा, निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरु र प्रत्यर्थी तर्फका विद्वान् सह-न्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरु तथा मिसिल संलग्न कागजातहरु अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत निवेदनको सन्दर्भमा मुख्यत देहाय बमोजिमको प्रश्नहरुको सम्बन्धमा विचार गर्नुपर्ने देखिन आयो:-

क) ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ को दफा ४(१०) र दफा ११(१) लाई संशोधन गर्ने गरी मिति २०७९।२।६ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय बदर हुनुपर्ने अवस्था देखिन्छ वा देखिँदैन ?

ख) निवेदन मागदाबी बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनु पर्ने देखिन्छ वा देखिँदैन ?

१४. निरुपण हुनुपर्ने उपयुक्त प्रश्नहरुको सन्दर्भमा मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व संकलनलाई व्यवस्थित गर्न तथा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यावहारिक प्रक्रिया निर्धारण गर्न वाञ्छनीय भएको भन्ने उद्देश्यसहित ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भई कार्यान्वयनमा रहेको देखिन्छ। उक्त मापदण्डको आवश्यकता बोध वा पृष्ठभूमिका सम्बन्धमा *चुरे क्षेत्रको अधिक दोहन लगायतका विषयमा नारायणप्रसाद देवकोटाले नेपाल सरकारलाई*

*विपक्षी बनाई दायर गर्नुभएको निवेदनको सम्बन्धमा मिति २०६७।०४।२१ मा यस अदालतबाट भएको निर्देशनात्मक आदेशलाई कार्यान्वियन गर्ने क्रममा गठन भएको समितिले दिएको प्रतिवेदन र सो प्रतिवेदनको कार्यान्वयनको लागि नेपाल सरकारका विभिन्न निकायका सातजना सचिव रहेको समितिबाट प्राप्त प्रतिवेदनको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७०।३।२७ को निर्णयबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड तोकिएको* भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकारोक्ति सहितको लिखित जवाफ रहेको देखिन्छ।

१५. साबिकको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४(१०) मा रहेको व्यवस्था हेर्दा ***घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दुरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन र संकलन गर्न पाइने छैन*** भनी उल्लेख भएको पाइन्छ। मिति २०७९।२।६ मा नेपाल सरकार, मन्त्रिपरिषदबाट ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ पारित गर्दै दफा ४(१०) मा रहेको *"घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरीभित्रको नदी"* भन्ने वाक्यांश हटाई संशोधन गर्ने निर्णय गरेको देखिन्छ।

१६. त्यस्तै साबिक मापदण्डको दफा ११(१) मा क्रसर उद्योग सञ्चालन गर्दा देहाए बमोजिमको दुरी सम्बन्धी मापदण्ड पालना गर्नु पर्ने व्यवस्था रहेको पाइन्छः-

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राइट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |

| | | |
|---|---|---|
| ५ | अन्तराष्ट्रिय सिमाबाट | २ किलोमिटर |
| ६ | वन, निकुन्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ८ | हाइटेन्सन लाइनबाट | २०० मिटर |
| ९ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| १० | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

साविक मापदण्डको दफा ११(१) मा रहेको उपर्युक्त अनुसारको मापदण्डलाई मिति २०७९।२।६ मा भएको संशोधनबाट देहाय बमोजिमको नयाँ मापदण्ड कायम गर्ने निर्णय भएको पाइन्छ :

| क्र.सं. | विवरण | कायम दुरीको मापदण्ड | |
|---|---|---|---|
| | | तराई | पहाड |
| १ | राजमार्गको राइट अफ वे (ROW) बाट | ५०० मिटर | २०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर | २०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | १ किलोमिटर | ५०० मिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर | ५०० मिटर |
| ५ | अन्तराष्ट्रिय सिमाबाट | १ किलोमिटर | १ किलोमिटर |
| ६ | निकुन्ज तथा आरक्षबाट | २ किलोमिटर | २ किलोमिटर |

| | | | |
|---|---|---|---|
| ७ | वन क्षेत्रबाट | ५०० मिटर | ५०० मिटर |
| ८ | घना बस्तीबाट | १ किलोमिटर | ५०० मिटर |
| ९ | हाइटेन्सन लाइनबाट | १०० मिटर | १०० मिटर |
| १० | ऐतिहासिक ताल, तलैया जलाशय र पोखरीबाट | ५०० मिटर | ५०० मिटर |
| ११ | सिमसारबाट | १ किलोमिटर | १ किलोमिटर |
| १२ | चुरे पहाडको फेदीबाट | १५०० मिटर | १५०० मिटर |

१७. उपरोक्तानुसार साबिक मापदण्डको दफा ४(१०) को ***घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दुरी भित्रको नदी*** भन्ने वाक्यंश झिकी हालको मापदण्डमा दफा ११(१) मा तराई र पहाड बर्गिकरण गर्दै घना बस्तीमा तराईमा १ किलोमिटर र पहाडमा ५०० मिटर, वन क्षेत्रमा पहाड र तराई दुवैमा ५०० मिटर तथा राजमार्गबाट तराईमा ५०० मिटर र पहाडमा २०० मिटरभन्दा बाहिर पर्ने गरी क्रसर उद्योग सञ्चालन गर्न पाइने गरी मापदण्ड कायम गरेको देखिन्छ। मापदण्डलाई तुलनात्मक रुपमा हेर्दा उक्त संशोधित मापदण्डमा घना बस्ती, वन क्षेत्र र राजमार्गबाट एकातिर साबिकभन्दा समग्रमा दुरी घटाई कम दुरी मै क्रसर उद्योग खोल्ने प्रावधान गरिएको छ भने अर्कोतिर तराई र पहाडको लागि अलग अलग मापदण्ड कायम गर्दै तराइमा भन्दा पहाडतर्फ कम दुरी मै क्रसर उद्योग खोल्न पाइने गरी मापदण्ड तोकिएको पाइन्छ। जस्तै तराईमा राजमार्गको राइट अफ वे बाट ५०० मिटर दुरीमा क्रसर सञ्चालन गर्न पाइने व्यवस्था राखिएको छ भने पहाडमा यसरी क्रसर सञ्चालन गर्न पाइने दूरी २०० मिटर कायम गरिएको छ। तराईमा घनाबस्तीबाट १ किलोमिटरको दुरीमा क्रसर उद्योग सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ भने पहाडमा ५०० मिटर दूरीमा क्रसर सञ्चालन गर्न पाइने व्यवस्था गरिएको पाइन्छ। तराईको शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक साँस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट १ किलोमिटरको दुरीमा क्रसर उद्योग सञ्चालन गर्न पाइने मापदण्ड कायम गरिएको पाइन्छ

भने पहाडको हकमा ५०० मिटर दुरी मै क्रसर सञ्चालन गर्न पाइने व्यवस्था गरिएको देखिन्छ। मापदण्ड जुन निकायको निर्णयबाट निर्माण गरी लागू गरिएको हो सोही निकायले बदलिंदो समय र परिस्थिति अनुरुप संशोधन गर्न सक्ने कुरामा विवाद रहन सक्दैन। तर २०७७ सालमा मापदण्ड निर्माण गरी लागू गर्दा वातावरण संरक्षण र न्यायको जुन उद्देश्य राखिएको थियो सो उद्देश्य प्राप्तिका लागि तत्काल प्रचलित मापदण्ड अव्यावहारिक वा अपर्याप्त रहेको जस्ता के कारणले मापदण्डमा संशोधन गरिनु परेको हो भन्ने कुरा लिखित जबाफबाट खुल्न सकेको छैन।

१८. साबिक ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरिनु पर्नाको पृष्ठभूमिमा यस सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेश तथा नेपाल सरकारका विभिन्न निकायका सचिव रहेको समितिबाट प्राप्त प्रतिवेदन समेतको आधारमा नेपाल सरकारले जारी गरेको भनी उल्लेख भएको छ। यसबाट तत्काल प्रचलित मापदण्ड खास अध्ययनमा आधारित रहेको भन्ने देखाउँछ। तर संशोधित मापदण्ड जारी गर्ने निर्णयका बारेमा त्यस्तो कुनै वैज्ञानिक अध्ययन अनुसन्धान भएको वा कुनै वैज्ञानिक अध्ययन प्रतिवेदनको आधारमा भएको भनी विपक्षी नेपाल सरकारका तर्फबाट लिखित जवाफमा खुलाउन सकिएको पाइदैन। मापदण्ड संशोधन गर्नै नपाइने भन्ने होइन तर कुनै पनि संशोधन राम्रोको लागि हुनु पर्छ, पहिले प्रचलनमा रहेको मापदण्डले ल्याएको खराबी र अव्यावहारिकतालाई सुधार गर्ने उद्देश्यले गरिनु पर्दछ र यस्तो संशोधनबाट सम्बन्धित सरोकारवाला समुदायको हित प्रवर्धन भएको हुनु पर्दछ। यसका लागि सम्बन्धित सरोकारवाला समुदायको सरोकारका विषयहरु बुझ्ने, यस्ता सरोकारहरु सम्वोधनका उपायहरुको वैज्ञानिक अध्ययन गर्ने र अझ प्रस्तुत विषय वातावरण संरक्षण र न्याय जस्तो आम जनसमुदायको हित र सरोकारको विषयसंग सम्बन्धित रहेको हुँदा भावि पिंढीको न्यायोचित हक हितको समेत प्रवर्धन हुने कुरामा ध्यान दिनुपर्ने हुन्छ। कुनै पनि अधिकार हुनु र त्यस्तो अधिकारको प्रयोग एउटा विषय हो तर त्यस्तो अधिकारको प्रयोग विवेकसंगत र न्यायसंगत रुपमा प्रयोग हुनु अर्को विषय हो। विवादित मापदण्ड संशोधनबाट प्राकृतिक स्रोत दोहनको दुष्चक्रको रुपमा रहेको क्रसर उद्योगको सञ्चालन गर्न पाइने दूरी घटाइएको पाइन्छ र त्यसरी दूरी घटाउनु पर्नाको कुनै वस्तुनिष्ठ आधार देखाउन सकिएको छैन।

१९. ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी क्रसर उद्योग सञ्चालन गर्नाले वातावरणका विविध पक्षहरुलाई असर गर्दछ। क्रसर उद्योग सञ्चालन गर्दा वरपरका क्षेत्रमा प्रदुषण फैलिई आसपासमा रहेको बस्ती, वन क्षेत्र, शिक्षण संस्था, स्वास्थ्य संस्थासमेतमा असर पर्न गई वातावरण र मानिसको स्वास्थ्यमा समेत नकारात्मक असर पार्दछ। नेपालको सन्दर्भमा हामीसँग सिमित जमिन उपबल्ध छ; त्यो मानविय चापमा परेको छ; हाम्रो प्रकृति, वातावरण र पारिस्थितिकी प्रणाली जोखिमपूर्ण संवेदनशीलतामा छ, यो प्रणालीमा वेपर्वाह हस्तक्षेप गरिँदा यसमा सम्हालनै नसकिने क्षति पुग्न सक्छ भन्ने संझेर सतर्कतापुर्वक कार्य गर्नु आवश्यक छ।[१] शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट तराईको हकमा १ किलोमिटर र पहाडको हकमा ५०० मिटरको दुरी कायम गर्ने गरी नयाँ मापदण्ड तयार भएको देखिन्छ। क्रसर उद्योग जुनै भुगोलमा सञ्चालन गरे पनि उक्त उद्योगबाट निष्कासन हुने प्रदुषणले वातावरणमा सबै तिर समान रुपमा असर गर्ने गर्दछ। पक्कै पनि कुनै ठाउँमा ढिलो र कुनै ठाउँमा चाँडो र धेरथोरको मात्रामा फरक पर्ला तर वातावरणमा पर्ने कतिपय असरहरु कुनै एक सीमित क्षेत्रमा मात्र सीमावद्ध भएर रहने कुरा हुँदैन। त्यसैले सम्पूर्ण विश्व एउटै विश्व र सम्पूर्ण वातावरण एउटै वातावरणको मान्यता विकसित भई आएको छ। कुनै असर सीमित क्षेत्रमा मात्र सीमावद्ध हुने प्रकृतिको हो भने यो पनि सम्बन्धित क्षेत्रका प्राविधिकहरुबाट गरिने वैज्ञानिक अध्ययनबाट पुष्टि हुनुपर्ने कुरा हो। ढुंगा, गिट्टी, बालुवा विकास निर्माणका कार्यमा आवश्यक रहने कुरामा दुइमत छैन भने उक्त वस्तुहरु उत्खनन र प्रसोधन गर्न क्रसर उद्योगहरु समेत आवश्यक रहने कुरा पनि होला। तर साथसाथै प्रकृति प्रदत्त ढुंगा, गिट्टी, बालुवाको अनुचित प्रयोग र दोहनबाट सिर्जना हुने सक्ने वातावरणीय प्रतिकूल प्रभावहरु तर्फ पनि उत्तिकै ध्यान दिनु पर्ने अवस्था छ। ढुंगा, गिट्टी, वालुवा प्राकृतिक वस्तु हुँदा नदि वगर, वनजङ्गल, व्यक्तिगत वा सार्वजनिक भूमि कहाँबाट र कुन परिमाणमा निकालियो र त्यसले वातावरण एवं पारिस्थितिक प्रणालीमा के कस्तो असर परेको छ वा पर्ने सम्भावना छ भन्ने कुरा नहेरी ढुंगा, गिट्टि, बालुवा आदिको बिक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलन गर्ने स्थानीय निकायको अधिकार छ भन्दैमा प्रकृति नै विनास हुने वा वातावरणमा उल्लेखनीय रुपमा प्रतिकूल असर वा पारिस्थितिक प्रणाली नै ध्वंश हुने गरी त्यस्ता वस्तुहरुको उत्खनन, संकलन वा बिक्री र निकासीसमेत गर्न मिल्छ भनी निरपेक्ष

[१] शैलेन्द्रप्रसाद अम्बेडकर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दा- उत्प्रेषण, मुद्दा नं. ०७७-WC-००९९

रुपमा भन्न मिल्ने देखिँदैन।[२] कतिपय यस्ता प्रभावहरु पुनः नवीकरण वा पुनर्उत्थान हुन नसक्ने प्रकृतिका पनि हुन्छन्। यसो हो भने अहिले प्राप्त हुने थोरै लाभको तुलनामा भावी पिंढी समेतले गम्भीर र अपूरणीय क्षति व्यहोर्नु पर्ने हुन्छ।

२०. वातावरणीय जोखिमहरु न्यूनीकरण गर्नको निम्ति वातावरण संरक्षण ऐन, २०५३ र हालको वातावरण संरक्षण ऐन, २०७६ मा समेत विभिन्न व्यवस्थाहरु गरिएका छन्। कतिपय प्रस्तावहरु कार्यान्वयनको लागि तोकिएबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको पाइन्छ। वातावरणीय अध्ययन प्रतिवेदन भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्ने गरी परिभाषित गरिएको पाइन्छ। यो व्यवस्था कुनै पनि व्यक्तिले सञ्चालन गर्न लागेको प्रस्तावका सम्बन्धमा मात्र लागू हुने हो भनेर सम्झन मिल्दैन। वातावरण संरक्षणको पुनित उद्देश्यले वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको न्युनिकरणका लागि गरिएको यो व्यवस्था नेपाल सरकारद्वारा तयार गरिने मापदण्डका सम्बन्धमा ध्यानै दिनु नपर्ने व्यवस्थाका रुपमा लिनु मनासिब हुँदैन। एउटा व्यक्तिले सञ्चालन गर्ने कुनै उद्योग वा परियोजनामा त यी व्यवस्थाहरु आकर्षित हुन्छन् भने सरकारद्वारा गरिने निर्णयमा झन् यी व्यवस्थाहरुको पालना गरिएको देखिनु अनिवार्य हुन जान्छ। किनभने सरकार भन्नु आम जनताको न्यासी निकाय हो। आम जनताको न्यासीको रुपमा रहेको सरकारबाट हुने कार्य र लिइने प्रत्येक निर्णय आम जनताको हितमा हुन्छन् भन्ने मान्यता स्थापित गर्न सकिनु पर्दछ। तर प्रस्तुत निवेदनमा विवादमा ल्याइएको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।२।६ मा भएको निर्णय यसरी संशोधन गर्नु पर्नाको औचित्य स्थापित हुने कुनै वैज्ञानिक र वस्तुनिष्ठ आधारहरुमा आधारित रहेको देखिएन।

२१. एकै किसिमबाट मापदण्ड तोक्दा पहाडमा बस्ती र खोलाबाट दुई किलोमिटर र पाँचसय मिटरको दुरीको कारण कुनै पनि क्रसर उद्योग स्थापना र सञ्चालन हुने स्थान पाउन सक्ने अवस्था नरहन सक्छ भन्ने जिकिरतर्फ हेर्दा प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ। हरेक वस्तुको पृथक पृथक मूल्य र

[२] शैलेन्द्रप्रसाद अम्बेडकर विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दा- उत्प्रेषण, मुद्दा नं. ०७७-WC-००९९

मान्यता रहेको हुन्छ। कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन भनी प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद्को सचिवालय भएको उत्प्रेषण/ परमादेश मुद्दामा यस अदालतबाट यस अघि नै सिद्धान्त प्रतिपादन भएको देखिन्छ (ने.का.प. २०७३, अंक.४, नि.नं.९५७५)। त्यस्तै देशको भौगोलिक अवस्थितिको आधारमा प्रदुषण हुन सक्ने क्षेत्र र आधार तय गरी क्रसर उद्योगको लागि नेपाल सरकारबाट निर्धारित मापदण्ड उपयुक्त एवं व्यावहारिक रहेको भन्ने विपक्षीको लिखित जबाफतर्फ हेर्दा, वातावरण संरक्षणको विषय बहुआयामिक विषयको रुपमा रहेको छ। वातावरण र विकासलाई सन्तुलित रुपमा अगाडि लग्नुपर्ने हुन्छ। यी दुईमध्ये कुनै एक पक्ष गौण रहेमा वा एकलाई मात्र प्राथमिकता दिँदा हामीले परिकल्पना गरेको दिगो विकासको लक्ष्य हासिल गर्न मुस्किल रहन्छ। प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कत्ति पनि प्रतिकूल असर नपार्ने गरी मात्र उत्खनन र प्रयोग गर्नुपर्ने भनी अधिवक्ता नारायणप्रसाद देवकोटा विरुद्ध सम्माननीय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय भएको उत्प्रेषणयुक्त परमादेशको मुद्दामा सिद्धान्त प्रतिपादनसमेत भएको (ने.का.प. २०६७, अंक-७, नि.नं. ८५२१) परिप्रेक्ष्यमा वातावरणीय पक्षलाई दृष्टिगत नगरी ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी क्रसर उद्योग मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी भएको निर्णय यस अदालतबाट माथिका मुद्दाहरुमा प्रतिपादित सिद्धान्त समेतको पनि प्रतिकूल रहेको देखियो।

२२. अत: माथिका विभिन्न प्रकरणहरुमा विवेचना गरिएका तथ्य, कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आधारमा ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९।२।६ मा पारित ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ उक्त मापदण्डको दफा ४(१०) र दफा ११(१) को हदसम्म उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। साथै, हालसम्म क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन गर्नको निम्ति कुनै कानूनी व्यवस्था भएको नदेखिँदा ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी क्रसर उद्योगहरु सुव्यवस्थित रुपमा र वातावरण मैत्री रुपमा सञ्चालन हुने सुनिश्चितताको लागि ढुङ्गा गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनको लागि आवश्यक कानून बनाउनू भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको

नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय र यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई दिई मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(तिलप्रसाद श्रेष्ठ)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(अव्दुल अजीज मुसलमान)
न्यायाधीश

इजलास अधिकृत: श्रद्धा विष्ट
कम्प्युटर अपरेटर: सुप्रभा अर्याल
इति संवत् २०८१ साल वैशाख १७ गते रोज २ शुभम् .......................................